# स्थानिय राजपत्र

**गन्यापधुरा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः३) गन्यापधुरा, डडेल्धुरा,असाढ ३० गते २०७६ साल (संख्याः१**

## भाग-१

## गन्यापधुरा गाउँपालिका गणेशपुर, डडेल्धराको सूचना

गन्यापधुरा गाउँपालिकाको गाउँसभाबाट मिति २०७६।०३।३० मा निर्णय भई प्रमाणित भएको **गन्यापधुरा गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७६** सर्वसाधारणको जानकारीकोलागी यो सूचना प्रकाशन गरिएको छ ।

# उद्देश्य र कारण

गन्यापधुरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(कमला देवी ठगुन्ना)**
**उपाध्यक्ष, गन्यापधुरा गाउँपालिका, डडेल्धुरा ।**

# गन्यापधुरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०७६

गाउँसभाबाट पारित मिति २०७६।३।३०

**प्रस्तावनाः**

गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गन्यापधुरा गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि गन्यापधुरा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर सम्पति कर लगेको भूमिमा मालापोत कर लाग्ने छैन ।

**४. घरजग्गा वहाल कर** :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५.व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वन्यजन्य पदार्थ, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर** : सवारी साधन करको दर निर्धारण तथा संकलन सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ । तर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन ( अटो रिक्सा र विद्युतिय रिक्सा)मा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

**८. विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन कर :** मनोरञ्जन करको दर र संकलन गर्ने तरिका सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने र सो संकलन गाउँपालिकाले प्रदेश सरकारले निर्धारण गरे बमोजिम गर्नेछ ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उद्यान, पार्क, चिडियाखाना, ऐतिहाँसिक तथा पुरातात्विक सम्पदा उपयोगको प्रवेश शुल्क अनुसूचि (१३) मा उल्लिखित दरमा लगाइने र असूल उपर गरिनेछ ।

**१५**. गाउँपालिकाले गाउँपालिका भित्रका सामुदायिक वनहरुले आम्दानी गरेको कुल रकमको १० प्रतिशत रकम असुल उपर गर्नेछ ।

**१६**. घरजग्गा रजिष्ट्रेसन शुल्कको दर सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम गाउँपालिकाले संकलन गर्नेछ ।

**१७**. गाउँपालिका क्षेत्रभित्रबाट संकलन हुने ढुंगा, गिट्टी, स्लेट, बालुवा, चुनढुंगा, खरिढुंगा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रकृया सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम गाउँपालिकाले संकलन गर्नेछ ।

१८. गाउँपाकिाको अगामी आ.व. ०७६।०७७ मा खरिद हुन डोजर, टयाक्टर र गाउँपालिकामा रहेको एम्वुलेन्सबाट गाउँपालिकाले प्रचलित नियमानुसारको रकम संकलन गरी आन्तरिक आम्दानी गर्न सक्नेछ ।

१९. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**२०.** यस ऐनमा छुट भएका विषमा कर संकलन गर्नु परेमा गाउँकार्यपालिकाले निर्णय बमोजिम कर लागाईनेछ ।

**२१. कर तथा संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची - १
(दफा २ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने सम्पत्ति कर**

गाउँपालिकाले आफ्नो क्षोत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुमा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम सम्पति कर लगाउने । यसरी सम्पति कर लागेको जग्गामा भूमिकर ( मालपोत ) लगाउन नपाईने । तर गुठी संस्थानबाट उठाईने माालपोत उठाउन वाधा नपर्ने ।

**अनुसूची - २**
(दफा ३ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)**

अर्को कानून नबनेसम्म १० रोपनी सम्म वार्षिक रू.२०।००, १० रोपनी देखि २० रोपनी सम्म वार्षिक रू ५०।००, २० रोपनी देखि ३० रोपनी सम्म वार्षिक रू १००।००, ३० रोपनी देखि ५० रोपनी सम्म वार्षिक रू२५०।००, ५० रोपनी देखी १०० रोपनी सम्म वार्षिक रू५००।०० र १०० रोपनी भन्दा माथी वार्षिक रू १०००।०० लिईनेछ ।

ख)घर करः साधारण झुपडी घरको बार्षिक रू ४०।००, ढुङ्गा माटोको जोडाई भएको कच्ची घरको बार्षिक रू ६०।०० र सिमेन्ट जोडाईको पक्की घरको बार्षिक रू १००।०० लिईनेछ । तर सम्पति कर लगाएको घर जग्गामा भने भूमि कर र घर कर लगाईने छैन ।

**अनुसूची - ३**
(दफा ४ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने घरवहाल कर**

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | जुनसुकै घरको पनि बहाल कर | बहालको १० प्रतिशत | |

## अनुसूची - ४

(दफा ५ संग सम्बन्धित)

### गाउँपालिकाले लगाउने व्यावसाय कर (प्रति वर्ष)

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. ५०००।०० | २०००।०० | १०००।०० | ५००।०० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• कुखुरा/ माछा बेच्नेलाइ (ख) | १०००।०० | ८००।०० | ५००।०० |
| ३ | मदिरा पसल वार्षिक नविकरण<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख)<br>• मदिरा निषेधित क्षेत्रमा मदिरा विक्रि वितरण गरेमा जरिवाना प्रति पटक रू.५०००।००<br>• मदिरा निषेधित क्षेत्रमा मदिरा सेवन गरेमा प्रति पटक जरिवाना रूः<br>  • सेवन गर्ने जनप्रतिनिधि, कर्मचारी वा सार्वजनिक पद धारण गरेको व्यक्ति भए रू.१०,०००।००<br>  • आम नागरिक भए रू २५००।०० | १०,०००।०० | ५०००।०० | |
| ४ | कोल्ड ड्रिक्स पसल | ५००।०० | | |
| ५ | सून चांदी गहना पसल | २०००।०० | | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | ५००।०० | | |
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि विक्री तथा मर्मत | २००।०० | | |
| ९ | केवल टि.भि.सेवा | २०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १०००।०० | ५००।०० | |
| ११ | हजाम | ५००।०० | | |
| १२ | टेलरिंग | ५००।०० | | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५००।०० | २५०।०० | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १५००।०० | १२००।०० | १०००।०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १५००।०० | १०००।०० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ४०००।०० | ३०००।०० | २०००।०० |
| १७ | मेटल वर्कशप | १०००।०० | | |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख)<br>• सामान्य फर्निचर उद्योगलाई (ग) | २५००।०० | १५००।०० | १०००। |
| १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क) | २५००।०० | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | • ईटा डिपोलाई (ख) | | | |
| २० | कम्प्युटर ईन्ष्टिच्युट | १०००।०० | | |
| २१ | दाउरा डिपो | १०००।०० | | |
| २२ | पान पसल | २५०।०० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २४ | तरकारी र फलफूल पसल | १०००।०० | | |
| २५ | चिया पसल | ५००।०० | | |
| २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | २५००।०० | १५००।०० | |
| २७ | डिलर | ५०००।०० | | |
| २८ | साईकल भाडा तथा मर्मत | ५००।०० | | |
| २९ | घ वर्गको निर्माण व्यवसाय<br>• निर्माण व्यवसाय दर्ता रू २५,०००।<br>• निर्माण व्यवसाय नवीकरण रू २५००।<br>• प्रमाण पत्रको प्रतिलिपि रू ५००।<br>• नवीकरण विलम्व दस्तुर थप रू १०००।<br>• नामसारी दस्तुर घरपरिवारको सदस्यमा भए रू ५००। र घरपरिवार सदस्य भन्दा बाहिर नामसारी भए रू २५०००।<br>• ईजाजतपत्र ठाउसारी दस्तुर रू १५०००। | | | |
| ३० | कपडा पसल | १०००।०० | | |
| ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | २५००।०० | १०००।०० | ५००।०० |
| ३२ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १५००।०० | १०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | भांडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १५००।०० | १०००।०० | |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३५ | कूखुरा पालन<br>• पाँचसय भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• पाँचसय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | १५००।०० | १०००।०० | |
| ३६ | तैयारी पोशाक पसल(फेन्सी पसल) | १०००।०० | | |
| ३७ | तैयारी जूत्ता पसल | १०००।०० | | |
| ३८ | दन्त क्लिनिक | १०००।०० | | |
| ३९ | हार्डवेयर पसल | १५००।०० | | |
| ४० | ईलेक्ट्रिक पसल | १०००।०० | | |
| ४१ | कानूनी फर्म | १०००।०० | | |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | ५००।०० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | २०००।०० | | |
| ४४ | स्टेशनरी पसल | १०००।०० | | |
| ४५ | जडीवूटी खरिद विक्री पसल | १५००।०० | | |
| ४६ | लेखापरीक्षक | १०००।०० | | |
| ४७ | टेलिभिजन पसल | १५००।०० | | |
| ४८ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | १०००।०० | | |
| ५० | पशू वधूशाला | १५००।०० | | |
| ५१ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | १००००।०० | | |
| ५२ | वित्तिय सेवा | १००००।०० | ५०००।०० | ३०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको वैंकहरू (क)<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको वैंकहरू (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | | | |
| ५३ | नीजि स्कुल<br>• १देखि १० सम्मको (क)<br>• १ देखि ८ सम्मको (ख)<br>• १ देखि ५ सम्मको (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | ५०००।०० | २५००।०० | |
| ५५ | चस्मा पसल | १०००।०० | | |
| ५६ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | १०००।०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | १०००।०० | | |
| ५८ | दूग्घ डिपो/पसल | १०००।०० | | |
| ५९ | व्यूटि पार्लर | १०००।०० | | |
| ६० | सप्लायर्स | १५००।०० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | २००००।०० | | |
| ६२ | जग्गा विकास/हाउजिंङ्ग | १००००।०० | | |
| ६३ | म्यानपावर सेवा | २५००।०० | | |
| ६४ | क्याटेरिङ्ग सेवा | १५००।०० | | |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १५००।०० | | |
| ६६ | मार्वल / टायल पसल | २५००।०० | | |
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ६८ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | १०००।०० | | |
| ६९ | आईस क्रिम पसल | ५००।०० | | |
| ७० | दाना उद्योग | १५००।०० | | |
| ७१ | तारजाली वनाउने उद्योग | १५००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ७२ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन)<br>कृषि व्यवसाय दर्ता प्रमाण पत्र | १५००।००<br>रू ५००। | | |
| ७३ | नीजि कलेज | २००००।०० | | |
| ७४ | ब्लक उद्योग | २५००।०० | | |
| ७५ | मिनरल वाटर उद्योग | ५०००।०० | | |
| ७६ | पानी टयांकर | १०००।०० | | |
| ७७ | ग्यास डिपो | १०००।०० | | |
| ८८ | कोल्डस्टोर (शितभण्डार) | २५००।०० | | |
| ८९ | वातावरण शुल्क<br>क) सल्लाको खोटो संकलन (प्रति के.जी.) रू५।००<br>ख) काठ निकासी (सल्ला A ग्रेड प्रति क्यू फिट रू १५।०० र सल्ला B ग्रेड प्रति क्यू फिट रू १२।०० ) ।<br>ग) कु काठ प्रति क्यू फिट रू १०।००<br>घ) साल A ग्रेड प्रति क्यू फिट रू २५।००<br>ङ) साल B ग्रेड प्रति क्यू फिट रू २०।००<br>च) जडीबुटी शुल्क कुल राजश्व रकमको १० प्रतिशत ।<br>छ) गिट्टि,वालुवा,ढुङ्गा, स्लेट,माटो वापतको कर<br>• टिप्परको प्रति ट्रिप रू १०००।००<br>• ट्रक प्रति ट्रिप रू ६००।००<br>• मिनि ट्रक/ ट्याक्टर रू ४००।००<br>• भ्यान प्रति ट्रिप रू २००। | | | |

## अनुसूची - ५

(दफा ६ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने जडिवुटी,फलफूल, कवाडी र जीवजन्तु कर**

गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रबाट निकासी हुने जडिबुटी, फलफुल, कवाडी मालसामान तथा जीवजन्तुका अंग आदीमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम कर संकलन गर्नेछ ।

**अनुसूची - ६**

(दफा ७ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने सवारी साधन कर (वार्षिक)**

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, विद्युतिय सिक्सा | रु १०००। | |
| | | | |
| | | | |

**अनुसूची - ७**

**गाउँपालिकाले लगाउने विज्ञापन कर**

ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी वार्षिक रूपमा विज्ञापनकर कर लिने ।

(क) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५/००

(ख) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रू. ३०/००

**अनुसूची - ८**

(दफा ९ संग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको स्वीकृत सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थिएटर संगित, मनोरञ्जन प्रदर्शनस्थल, जादु सर्कस, चटक जस्ता मनोरन्जन व्यवसाय सेवामा सुदूर पश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम दर र तरिका बमोजिम गाउँपालिकाले मनोरञ्जन कर संकलन गर्नेछ ।

**अनुसूची - ९**

(दफा १० संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क**

गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पतिहरुमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्ने :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पतिमा वार्षिक रु : १०००।

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिकस्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवासमा वार्षिक रु : १०००।

(ग) गाउँपालिकाले तोकेको सार्वजनिकस्थल, हाटबजार, मेला, जात्रामा आदिमा थापेका पसल (प्रति पटक ) रु : १००।

**अनुसूची - १०**

(दफा ११ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने पार्किङ शुल्क**

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकका लागि रु.१५०।००, जीप भ्यानमा रु ७५।०० र मोटरसाइकल मा रु २५।०० पार्किङ्ग शुल्क लिईने छ ।

**अनुसूची - ११**

(दफा १२ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ्ग, र न्याफ्टीङ्ग शुल्क**

**अनुसूची - १२**

(दफा १३ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने सेवा शुल्क, सिफारिस ,दस्तुर**

१ **सम्पति मूल्यांकन दस्तूर**: सम्पति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.५ प्रतिशतका दरले लिने ।

२ **घर निर्माण नक्सापास दस्तुर**: घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रू. २।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.०.५०।०० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू. १००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी कार्यसम्पन्न प्रमाणपत्रको रू. ५००।०० र पास भएको नक्साको रू.२५०।०० दस्तूर लिई प्रतिलिपी दिने ।

३ **चारकिल्ला प्रमाणित दस्तूर**: चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | १००।०० |
| २ | एक रोपनि सम्मको जग्गाको | २००।०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मका | ३००।०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ५००।०० |
| ५ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | १०००।०० |

४ **निवेदन दस्तूर** : कुनै पनि साधारण निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।

**५** यस गाउपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. ५०।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

६ **सेवा शुल्क तथा सिफारिस दस्तूर :** गाउँपालिकाबाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नागरिकता प्रमाणित | १००।०० |
| २ | नामसारी सिफारिस | २००।०० |
| ३ | फर्म दर्ता सिफारिस | ५००।०० |
| ४ | उद्योग दर्ता सिफारिस | ५००।०० प्रति लाखमा |
| ५ | जग्गा धनि प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | ३००।०० |
| ६ | नाता प्रमाणित | २००।०० |
| ७ | धारा/ विजूली मिटर सिफारीस | २००।०० |
| ८ | नाम, थर आदि सच्याउने | १००।०० |
| ९ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गूठी / रैकर आदि | २००।०० |
| १० | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | २००।०० |
| ११ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।०० |
| १२ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| १३ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको १ प्रतिशतका दरले |
| १४ | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रू. | २००।०० |
| १५ | योजना सम्झौता (वडा स्तरीय योजना)<br>योजना सम्झौता ( गाउंपालिका स्तरिय)<br>योजना सम्झौता सिफारिस(अन्य योजना) | ५००।<br>१०००।००<br>१५००।०० |
| १६ | योजना फरफारक सिफारिस (वडा र गाउपालिका स्तरीय योजना )<br>योजना फरफारक सिफारिस ( अन्य योजना ) | योजना रकमको १ प्रतिशत<br>योजना रकमको २ प्रतिशत |
| १७ | गैरसरकारी संस्थालाई गा.पा. भित्र काम गर्न अनुमती प्रदान गरेवापत दस्तुर | रू २५००। |
| १८ | गैरसरकारी संस्था सूचिकृत गरेवापत दस्तुर | १०००। |

नोट : १) योजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस गाउपालिकावाट गरिने सम्पती मूल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तूरमा थप सत प्रतिशत दस्तुर लिने ।

**७. भाडा** : यस गाउपालिकामा रहेको सभाहल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन हल भाडा रू.१०००।०० र प्रोजेक्टर भाडा रू५००।०० भाडा लिई उपलव्ध गराईनेछ ।

८. गाउँपालिकाले न्यायिक समितिको कामकारवाही नियमित गर्ने ऐन, २०७५ मा तोकिए बमोजिम फिराद, प्रतिउत्तर, निवेदन आदि दस्तुर एवं जरिवाना उठाउने छ ।

९. **सहकारी संस्था** : गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र भएका सहकारी संस्था दर्ता, नवीकरण गरेवापत देहाय बमोजिम राजश्व लगाउन र उठाउन सक्नेछ :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नयाँ सहकारी संस्था दर्ता | रु १०००। |
| २ | सहकारी संस्था नवीकरण | रु ५००। |
| ३ | दर्ता प्रमाण पत्रको प्रतिलिपि | रु २००। |
| ४ | वार्षिक रुपमा कानून बमोजिम गर्नु पर्ने काम सम्पादन नगरी नविकरण गराउन आउने सहकारी संस्थालाई प्रतिवर्ष जरिवाना | २०००। |

## अनुसूची - १३

(दफा १४ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने पर्यटन शुल्क**

| **सि.नं.** | **पर्यटकको प्रकार** | **शुल्कको दर** | **कैफियत** |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक बयस्क | १०० | |
| २ | आन्तरिक पर्यटक बिधार्थि/बालबालिका/जेष्ठ नागरिक/अपाङ्ग | ५० | |
| ३ | बाह्य पर्यटक | ५०० | |

मितिः२०७६।०३।३०

आज्ञाले

करुणाकर पन्त

प्रमुख प्रशासकीय अधिकृत